# प्राङ्गगारीक खेती तथा पशुपंक्षी/मत्स्य होमस्टे प्रर्वद्धन/ सहयोगको लागि कृषि कार्यक्रम सञ्चालन कार्यविधी, २०७५

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

# प्राङ्गगारीक खेती तथा पशुपंक्षी/मत्स्य होमस्टे प्रर्वद्धन/ सहयोगको लागि कृषि कार्यक्रम सञ्चालन कार्यविधी, २०७५

**प्रस्तावना**

गण्डकी प्रदेश अनुपम प्राकृतिक सौन्दर्यताले भरिएको बहुजातिय, बहुभाषीय र सामाजिक बिबिधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरीपूर्ण पर्यटकिय गन्तब्य हो । यहांको पर्यटकिय ग्रामिण भेगहरुमा प्राङ्गारीक खेती होमस्टे प्रबर्द्धन कार्यक्रम संचालन गर्न सकेको खण्डमा स्थानिय ग्रामिण समुदायका समुह/सहकारी/कृषि फार्महरुले प्रर्याप्त लाभ लिनुका साथै समुदायको दिगो विकासमा समेत महत्वपूर्ण सहयोग पुग्नेछ ।यसै सन्दर्भमा गण्डकी प्रदेशको आ.ब. २०७५।७६ को वार्षिक बजेटमा समावेश भएको प्राङ्गगारीक खेती तथा पशुपंक्षी/मत्स्य होमस्टे प्रर्वद्धन/ सहयोगको लागि कृषि कार्यक्रम संचालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई सोही अनुसार कार्यक्रम संचालन गर्न बान्छनीय भएकोले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यबिधि तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधीको नाम '**प्राङ्गगारीक खेती तथा पशुपंक्षी/मत्स्य होमस्टे प्रर्वद्धन/ सहयोगको लागि कृषि कार्यक्रम सञ्चालन कार्यविधी, २०७५**' रहने छ ।

ख) यो कार्यबिधी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ।

ग) यो कार्यक्रम गण्डकी प्रदेशभर लागु हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) "**प्राङ्गगारीक खेती तथा पशुपंक्षी/मत्स्य उत्पादन होमस्टे**" भन्नाले आफ्नै घर, समुदायमा निजि/समुह वा सामुदायिक रुपमा प्राङ्गारिक खेती (रासायनिक मल तथा बिषादी प्रयोग नगरी) गरी उत्पादन गरिएका कृषि, पशुपंक्षी/मत्स्य जन्य उत्पादनबाट पर्यटकलाई खाना, आवास, र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले संचालन गरिएको "घरवास" सेवा सम्झनु पर्दछ ।

ख) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

ग) **"स्थानीय तह"** भन्नाले यस कार्यविधी अनुरुप प्राङ्गगारीक खेती तथा पशुपंक्षी/मत्स्य उत्पादन होमस्टे सन्चालन हुने ठाउं रहेको गाऊंपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका भन्ने सम्झनु पर्दछ ।

घ) **"समिति"** भन्नाले यसै कार्यविधीको दफा ८ बमोजिम गठित समिति भन्ने बुझ्नुपर्दछ ।

ङ) **"होमस्टे प्रर्वद्धनको सहयोग"** भन्नाले प्राङ्गगारीक खेती होमस्टे प्रर्वद्धनको/सहयोगको लागि तथा पशुपंक्षी/मत्स्य उत्पादनको लागि कृषि, पशुपंक्षी कार्यक्रम मार्फत उपलब्ध गराउने चालु तथा पुँजीगत प्रकृतिका सामाग्रीहरु बुझ्नु पर्दछ । साथै सो शब्दले उक्त वस्तु तथा सामाग्रीहरु खरिद गरेपछि सो बापत दिईने रकमको भुक्तानी समेतलाई जनाउँछ ।

च) **"आवेदक"** भन्नाले यस कार्यक्रम संचालन गर्नका लागि कार्यक्रम संचालन हुने कार्यालयमा नियमानुसार आवेदन दिने प्राङ्गारीक खेती तथा पशुपंक्षी उत्पादन होमस्टे संचालन समिति/व्यवस्थापन समितिहरु वा प्राङ्गगारीक होमस्टे प्रवर्द्धन समिति/कृषि, पशुपंक्षी व्यवसायमा आवद्ध निजि क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्र वा कृषि पर्यटन व्यवसायीलाई जनाउँछ ।

छ) **"अनुदानग्राही"** भन्नाले यस कार्यक्रम संचालन गर्नका लागि छनौट कृषि पर्यटन प्रवर्द्धन संचालक/व्यवस्थापन समिति वा कृषि पर्यटन व्यवसायमा आवद्ध निजि क्षेत्र वा संस्था सम्झनु पर्दछ ।

ज) **"प्रस्ताव"** भन्नाले प्राङ्गारीक कृषि पर्यटन प्रवर्द्धन तथा अर्गानिक भिलेज स्थापनार्थ संचालन हुने कार्यक्रमहरुको लागि अनुदान पाउन पेश गरेको आबेदन तथा व्यवसायिक योजना सम्झनु पर्दछ ।

झ) **"निर्देशनालय (कृषि)"** भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ ।

ञ) **"निर्देशनालय (पशुपंक्षी)"** भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहतको पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ ।

ट) **"ज्ञान केन्द्र"** भन्नाले निर्देशनालय (कृषि) मातहतको कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

ठ) **"विज्ञ केन्द्र"** भन्नाले निर्देशनालय (पशु) मातहतको भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भन्ने सम्झनु पर्दछ ।

ड) **"मातहतका निकाय"** भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहतका कार्यालयहरु सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्यहरु**

क) ग्रामिण कृषि पर्यटनको विकास तथा प्रर्वद्धन गरी ग्रामिण अर्थतन्त्रलाई सवल बनाउने ।

ख) प्राङ्गारीक खेतीको प्रवर्द्धन तथा पशुपंक्षी/मत्स्य उत्पादन विस्तार गर्ने।

ग) रासायनीक मल तथा विषादीलाई न्युनीकरण गर्दै जाने र वातावरण संरक्षणमा सहयोग गर्ने ।

घ) ग्रामिण क्षेत्रमा रोजगारी सृजना गरी कृषकहरुको आयस्तर सुधार गर्ने ।

ङ) स्थानिय कृषि तथा पशुपंक्षी उत्पादनलाई प्रबर्दन गर्ने ।

च) ग्रामिण भेगको प्राकृतिक र सांस्कृतिक सम्पदाको बारेमा आन्तरीक तथा बाह्यि पर्यटकहरुलाई परिचित गराउनु ।

## परिच्छेद २

## कार्यक्रम संचालन

**४. कार्यक्रम सञ्चालन :** निर्देशनालय (कृषि)/ निर्देशनालय (पशुपंक्षी)/ज्ञान केन्द्र/विज्ञ केन्द्र मार्फत संचालन हुनेछन्।

**५. सूचना प्रकाशन :**

क) यस कार्यविधि अनुरुप प्राङ्गारीक खेती होमस्टे प्रवर्द्धन तथा प्राङ्गारिक पशुपंक्षी/मत्स्य उत्पादन गर्ने कार्यका लागि सहयोग पुर्याउन अनुदान दिने उद्धेश्यले निर्देशनालय(कृषि)/ निर्देशनालय (पशुपंक्षी)/ ज्ञान केन्द्र/ विज्ञ केन्द्रले राष्ट्रिय स्तरको पत्रिकामा **अनुसुची-२** अनुसारको ३० दिने सुचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

क) उपदफा (क) बमोजिम सुचना प्रकाशन भए अनुरुप आबेदकले दफा (६) बमोजिमका सबै कागजातहरु संलग्न गरी आबेदन सम्बन्धित निर्देशनालय (कृषि)/ निर्देशनालय (पशुपंक्षी)/ ज्ञान केन्द्र/विज्ञ केन्द्रमा दर्ता गर्न सक्नेछन् ।

**६. आबेदन दिन आवश्यक योग्यता र पेश गर्नुपर्ने कागजातहरु**

यस कार्यविधि अनुरुप कार्यक्रम संचालनको लागि देहाय बमोजिमको सबै योग्यता पुगेका आवेदकहरुले **अनुसुची-३** बमोजिम आबेदन दिन सक्नेछन् ।

क) यस कार्यक्रमका लागि तोकिएका स्थानमा  कार्यक्रम संचालन गर्न इच्छुक दफा २ (च) बमोजिमका आवेदकले आवेदन दिन सक्नेछन् ।

ख) आवेदक कानुन बमोजिम दर्ता भइ स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ ।

ग) निजि क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्रले आवेदन दिंदा निजको नेतृत्वमा कम्तिमा ५ घरधुरीलाई पनि अनिवार्य समेटेर प्रस्ताव तयार गरेको हुनुपर्नेछ ।

घ) दफा २ को उपदफा (च) मा उल्लेख गरिएका आवेदक यो कार्यक्रम सञ्चालन हुने क्षेत्रमा कानुनत दर्ता नभइ कार्यरत भएको अवस्थामा सुचना प्रकाशन पश्चात पनि दर्ता भइ आवेदन दिन सक्नेछन् ।

ङ) आवेदकले कानुन बमोजिम पुरा गर्नुपर्ने सबै दायित्वहरु जस्तै लेखापरिक्षण, करचुक्ता, नविकरण आदी पुरा गरेको हुनुपर्नेछ ।

च) आवेदकले कृषि, पशुपंक्षी प्रवर्द्धनका लागि उक्त क्षेत्रमा (व्यवस्थापकिय युनिटका रुपमा) पनि कार्य गर्नु पर्नेछ भने आवद्ध घरधुरीहरुमा व्यवस्थित प्राङ्गगारीक होमस्टे प्रवर्द्धनका लागि तिनको परिचालन, नियमन, अनुगमन तथा समन्वय गर्नुपर्नेछ ।

छ) आवेदकले आफुले गर्ने कार्यको प्राविधिक इष्टिमेट लेआउट समेत पेश गर्नुपर्नेछ ।

ज) **अनुसुची** ४ मा उल्लेख भए अनुसारको व्यावसायिक योजना प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

**७. संचालन गर्न सकिने कार्यक्रमहरु**

**क) प्राङ्गारीक कृषि उपज तथा पशुपंक्षी उत्पादन तथा व्यवस्थापन :**

विभिन्न कृषि जन्य बालीहरुको (सकेसम्म स्थानिय, रैथाने, खुल्ला सेचित जातका) तरकारी, खाद्यन्नबाली, फलफूल, च्याउ, माछा, मौरी, लोकल कुखुरा, गाई, भैंसी आदि उत्पादन गर्दा स्थानिय श्रोतसाधनको प्रयोग गरी विषादी रहित प्राङ्गगारीक उत्पादन प्रवर्द्धनका लागि क्षमता अभिबृद्धि तालिम, बीउविजन सहयोग, बर्षाको पानी संकलनका लागि प्लाष्टिक पोखरी निर्माण, जैविक विषादी तयारी, कम्पोष्ट मल तयारी, गोठेमलको संरक्षण (गोठ/भकारो सुधार) गर्ने कार्यहरु, स्थानिय परिकारहरुको प्रवर्द्धन, स्थानिय बाली र पशुपंक्षी जन्य उत्पादनको प्रशोधन आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

**ख) होमस्टे प्रवर्द्धन गरिने गाँउ/टोल परिसरको सरसफाइ, सुधार र सौन्दर्यिकरणः**

यस अन्तर्गत बृक्ष रोपण, फूल तथा आलङ्कारीक बोटविरूवा रोपण तथा सौन्दर्यिकरण, जैविक विविधता झल्कने पार्कहरूको विकास तथा सुधार जस्ता क्रियाकलापहरू संचालन गर्न सकिनेछ ।

**ग) फोहोर व्यवस्थापनः**

यस अन्तर्गत कृषि तथा पशुजन्य कामबाट उत्सर्जन हुने कुहिने र नकुहिने फोहोर व्यवस्थापनका लागि डस्टविन, कम्पोष्ट खाडल निर्माण र मल उत्पादन, भकारो सुधार जस्ता क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ ।

**घ) प्रचार प्रसार तथा क्षमता अभिबृद्धि :**

प्राङ्गारीक कृषि तथा पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि कार्यक्रमलाई प्रवर्द्धन तथा विकास गर्नका लागि स्थानिय एफ एम रेडियो मार्फत प्रचारात्मक सामाग्री तयार गरी प्रशारण गर्ने तथा कृषि पर्यटनमा आवद्ध घरधुरी तथा होमस्टे संचालन समिति/ व्यवस्थापन समिति वा कृषि पर्यटन केन्द्रको क्षमता अभिबृद्धि तथा गुणस्तरीय सेवा प्रवाहका लागि तालिम कार्यक्रम संचालन गर्न सकिनेछ ।

**८. प्राविधिक तथा मुल्याङ्कन समिति गठन**

क) यस कार्यविधि अनुरुपको कृषि क्षेत्र विशेष होमस्टे कार्यक्रम निर्देशनालय (कृषि) मार्फत संचालन हुने हकमा पेश हुन आएका प्रस्तावहरुको मुल्याङ्कन गरि स्वीकृतीको लागि मन्त्रालयमा सिफारिस गर्न देहाय अनुसारको ५ सदस्यीय प्राविधिक तथा मुल्याङ्कन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| १. प्रमुख | निर्देशनालय(कृषि) | संयोजक |
| २. प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रर्वद्धन महाशाखा, मन्त्रालय | सदस्य |
| ३. प्रमुख | योजना, कार्यक्रम तथा अनुगमन शाखा,निर्देशनालय(कृषि) | सदस्य |
| ४. उपसचिव स्तरको पर्यटन हेर्ने अधिकृत प्रतिनिधि, उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालय | | सदस्य |
| ५. प्रमुख | वागवानी विकास शाखा, निर्देशनालय(कृषि) | सदस्य सचिव |

ख) पशुपंक्षी तथा मत्स्य उत्पादनको क्षेत्र विशेष होमस्टे कार्यक्रम निर्देशनालय (पशुपंक्षी) मार्फत संचालन हुने हकमा पेश हुन आएका प्रस्तावहरुको मुल्याङ्कन गरि स्वीकृतीको लागि मन्त्रालयमा सिफारिस गर्न देहाय अनुसारको ५ सदस्यीय प्राविधिक तथा मुल्याङ्कन समिति रहनेछ ।

१. प्रमुख निर्देशनालय (पशुपंक्षी) संयोजक

२. प्रमुख पशुपंक्षी विकास महाशाखा, मन्त्रालय सदस्य

३. प्रमुख पशुपंक्षी स्वास्थ्य, इपिडिमियोलोजी तथा नियमन शाखा, निर्देशनालय (पशुपंक्षी) सदस्य

४. उपसचिव स्तरको पर्यटन हेर्ने अधिकृत प्रतिनिधि, उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालय, सदस्य

५. प्रमुख पशुपंक्षी उत्पादन तथा बजार प्रर्वद्धन शाखा, निर्देशनालय (पशुपंक्षी) सदस्य सचिव

ग) यस कार्यविधि अनुसारको कार्यक्रम ज्ञान केन्द्र वा विज्ञ केन्द्रले संचालन गर्ने हकमा ज्ञान केन्द्र वा विज्ञ केन्द्रले आपनो संयोजकत्वमा ३ सदस्यीय केन्द्र स्तरको प्राविधिक तथा मुल्याङ्कन समिति गठन गरि मूल्याङ्कन एवं छनौट गर्नेछ र सो अनुसार छनौट भएका प्रस्तावहरुलाई स्वीकृतीको लागि सम्बन्धित निर्देशनालय (कृषि)/ निर्देशनालय (पशुपंक्षी) मा सिफारिस गर्नेछन् ।

घ) संचालित कामको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने तथा अनुदान रकमको दुरुपयोग गर्ने अनुदानग्राहीलाई कारबाहीको लागि सिफारीस गर्ने कार्य उपरोक्त समितिले गर्नेछन् ।

ङ) उपरोक्त समितिहरुले आफ्नो बैठकमा बढिमा दुई जना विषय संग सम्बन्धित विज्ञ वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछन् ।

## परिच्छेद ३

## प्राविधिक मुल्याङ्कन तथा छनौट

९. दफा ८ अनुरुप गठित समितिले प्राप्त प्रस्तावहरुको प्रारम्भिक र विस्तृत मुल्याङ्कन गर्नेछन् ।

१०. दफा ८ अनुरुप गठित समितिले प्रारम्भिक मुल्याङ्कनका लागि दफा ६ को (क) देखि (ङ) सम्म र दफा ७ का आधारमा सुचक बनाउनेछ । उक्त सुचक अनुसारका दस्ताबेज पूर्णरुपमा पेश भएको प्रस्तावलाई प्रारम्भीक चरणमा सफल प्रस्ताव मानिनेछ भने अपूर्ण दस्ताबेज पेश भएको प्रस्तावलाइ असफल प्रस्ताव मानिनेछ ।

११. प्रारम्भीक मुल्याङ्कनमा सफल प्रस्तावहरुलाई विस्तृत मुल्याङ्कनका लागि योग्य मानिनेछ र यस्ता प्रस्तावहरुलाई **अनुसुची-१** अनुसार मुल्याङ्कन गरिनेछ ।

१२. प्रस्ताव मुल्याङ्कनमा राम्रो देखिएको तर स्थलगत निरीक्षणका क्रममा प्रस्तावमा पेश गरिए अनुसारको नपाइएमा त्यस्ता प्रस्तावहरुलाई अयोग्य प्रस्तावका रुपमा मानिनेछ ।

## परिच्छेद ४

## सम्झौता र अनुदान रकमको सीमा

१३. दफा ८ अनुसार गठित प्राविधिक तथा मुल्याङ्कन समितिले यस कार्यविधि बमोजिम प्राङ्गारीक कृषि, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे पर्यटन प्रवर्द्धनका लागि सहयोगी हुने दफा ७ मा उल्लेखित क्रियाकलापहरु संचालनका लागि अनुदान स्वीकृति दिनेछ ।

१४. प्राङ्गारीक कृषि, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे संचालन समिति/व्यवस्थापन समितिहरु वा प्राङ्गगारीक होमस्टे प्रवर्द्धन समिति/कृषि, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि व्यवसायमा आवद्ध निजि क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्रलाई कृषि प्रवर्द्धनका लागि प्राविधिक तथा मुल्याङ्कन समितिले स्थलगत निरिक्षण गरी पेश भएको सिफारिस र समितिको निर्णय बमोजिम बढिमा रु. १०,००,००० (रु. दश लाख) सम्म अनुदान सहयोग उपलब्ध गराईनेछ ।जसमा ३ प्रतिशत रकम कन्टेन्जेन्सी स्वरुप काटिनेछ।

१५. समितिबाट छनौट भई मन्त्रालयले स्वीकृती गर्ने निर्णय गरेपछि निर्देशनालयले अनुदानग्राहीसँग **अनुसुची ५** बमोजिमको प्रतिबद्धता मागी **अनुसुची ६** बमोजिमको संझौता गरी कार्यदिश दिनेछ ।

## परिच्छेद ५

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### १६. अनुदान प्रवाह विधि

क) अनुदान प्रवाह अधिकतम ३ किस्तामा उपलब्ध गराइनेछ ।अनुदान रकम उपलब्ध गराउंदा कार्यक्रम संचालन गर्ने कार्यालयको सम्बन्धित विषयको प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन, कार्य प्रगती, रनिङ्ग विलका आधारमा गरिनेछ ।

ख) प्रत्येक किस्तामा अनुदान रकम एकाउण्ट पेय चेक मार्फत उपलब्ध गराइनेछ ।अन्तिम किस्ता सम्पूर्ण कार्य सकेपछि प्राविधिक तथा मुल्याङ्कन समितिको सिफारीस, आवश्यक प्रमाणित बिल भरपाईका आधारमा उपलब्ध गराइनेछ ।

ग) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सहयोग अभिलेखिकृत राखिनेछ ।

### १७. अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य कुराहरु

क) अनुदानग्राहीले यस कार्यविधि अनुरुप संचालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि आदिको होडिङबोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) कार्य संचालनका क्रममा मन्त्रालय, निर्देशनालय (कृषि), निर्देशनालय (पशुपंक्षी), ज्ञान केन्द्र, विज्ञ केन्द्रबाट दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

ग) प्रदेश सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको पुर्वाधार निर्माण तथा कार्यक्रम संचालनको हिसाव किताव हेर्न सक्नेछ ।

घ) यस कार्यक्रम सम्पन्न भइ सकेपछि लाग्ने मर्मत सम्भार लगायत आगामी वर्षको संचालनको जिम्मेवारी अनुदानग्राही स्वयंको हुनेछ ।

ङ) अनुदानग्राहीले अन्तिम किस्ता भुक्तानी माग्नुपूर्व अनुदान कार्यक्रमको सार्वजनिकीकरण समेत गरेको हुनु पर्नेछ ।

## परिच्छेद ६

## अनुगमन र विविध

**१८.**अनुगमन तथा मूल्यांकन : मन्त्रालय, निर्देशनालय (कृषि), निर्देशनालय (पशुपंक्षी), ज्ञान केन्द्र, विज्ञ, सम्बन्धित स्थानिय तहको सहयोग तथा समन्वयमा यस कार्यविधी अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण गर्नेछ ।

**१९.** यस कार्यविधिमा उल्लेख भएका व्यहोराहरु यसै बमोजिम र नभएका शर्त वा व्यहोराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**२०.**यस कार्यविधीमा उल्लेखित अनुदान सहयोग सुविधा प्रदान गर्दा बार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेटको परिधि भित्र रही प्राथमिकताको आधारमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**२१.**यस कार्यविधीको व्यख्यामा कुनै द्धिविधा भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

**२२.**यो कार्यविधि मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

## अनुसुची १

## प्राङ्गारीक कृषि, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि पर्यटन प्रवर्द्धन कार्यक्रम संचालनका लागि अनुदान सहयोग उपलब्ध गराउनका लागि प्रस्ताव मुल्याङ्कन मापदण्ड

**१. प्राङ्गारीक खेती होमस्टे प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचालनका लागि श्रोतको उपलब्धता (जमिन, सिंचाइ, स्थानिय श्रोतसाधन, प्राकृतिक खेती र प्राकृतिक सुन्दरता, प्राङ्गारीक खेती,) आदीको उपलब्धता (अंक १०)**

क) प्राङ्गारीक खेती, प्राकृतिक सुन्दरता र अन्य स्थानिय श्रोतहरुको उपलब्धता प्रचुर रहेको (अंक १०)
ख) प्राङ्गारीक खेती र प्राकृतिक सुन्दरताका साथै स्थानिय श्रोतहरु न्युन रहेको स्थान (अंक ६)
ग) प्राङ्गारीक खेती र प्राकृतिक सुन्दरताको कमी तथा स्थानीय श्रोतसाधनकोउपलब्धता न्युन (अंक ३)

**२. भौतिक सुविधा (सडक,विजुली,खानेपानी,टेलीफोन आदी) को अवश्था (अंक १०)**

क) सबै आधारभूत भौतिक सुविधा उपलब्ध भएको (अंक १०)
ख) अपर्याप्त भौतिक सुविधा (अंक ५)
ग) आधारभूत भौतिक सुविधा उपलब्ध नरहेको (अंक ०)

**३.पर्यटकीय आवागमनको हिसावले स्थलगत उपयुक्तता (अंक १५)**

क) पर्यटक आगमन भैरहेको स्थल (अंक १५)
ख) भविष्यमा पर्यटक आउन सक्ने स्थान (अंक १०)
ग) भविष्यमा पनि पर्यटक आउन सक्ने सम्भावन नदेखिएको (अंक ०)

**४. आवेदकको अनुभव तथा व्यवस्थापन (अंक १५)**

क) पहिले देखि होमस्टे/कृषि पर्यटन लगायतका अन्य पर्यटन व्यवसाय संचालन गरेको (अंक १५)
ख) पहिले कुनै पनि अनुभव नभएको (अंक ७)

**५. आवेदकले व्यहोर्ने आर्थिक श्रोतको सुनिश्चितता (अंक १५)**

क) व्यहोर्न सक्ने श्रोत खुलेको (अंक १५)
ख) व्यहोर्न सक्ने सम्भावना देखिएको (अंक १०)
ग) व्यहोर्न सक्ने सम्भाना नदेखिएको (अंक ०)

**६. प्रस्तावित नविन एवं प्रभावकारी क्रियाकलापहरु (अंक १५)**

क) धेरै नविन एवं प्रभावकारी (अंक १५)
ख) सामान्य नविन एवं प्रभावकारी (अंक १०)
ग) नविन एवं प्रभावकारी नदेखिएको (अंक ०)

**७. स्थानीय तहको लागत साझेदारी हुने देखिएमा (अंक १०)**

**८. जलवायु मैत्री कृषि कार्यक्रम संचालन भएको स्थान (अंक १०)**

## अनुसुची २

## प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे प्रवर्द्धन कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सुचना

**सुचना !       सुचना !!       सुचना !!!**

कृषि विकास निर्देशनालय/पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय/कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आ.ब. २० /    को बार्षिक स्वीकृत कार्यक्रम अनुसार गण्डकी प्रदेशमा प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे प्रवर्द्धन कार्यक्रम संचालन गरी प्राङ्गारीक खेती र होमस्टे व्यवसायका माध्यमबाट ग्रामिण कृषकहरुको आयस्तर बृद्धि तथा ग्रामिण रोजगारी सृजना गरी गरिवी निवारणमा टेवा पुर्याउनका साथै स्वच्छ पर्यावरण र वातावरणको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक प्राङ्गगारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे संचालक समिति/व्यवस्थापन समिति वा प्राङ्गारीक कृषि/पशुपंक्षी/मत्स्य व्यवसाय/कृषि पर्यटन व्यवसायमा आबद्ध निजी क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्रहरुबाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ ।यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र कृषि विकास निर्देशनालय/पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्र/भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अनुसुची ३ अनुसारको कागजातहरु सहित आवेदन एवं अनुसुची ४ अनुसारको व्यवसायिक प्रस्ताव सहित आबेदन दर्ताका लागि आव्हान गरिएको छ ।

**अनुसुची ३**
**आवेदन फारम**

रु १० को टिकट

मिति

श्रीमान् प्रमुखज्यू
कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/ गण्डकी प्रदेश, पोखरा ।
कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ।

**विषयः प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे प्रवर्द्धनका लागि अनुदान सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ निर्देशनालयबाट सुचना भए अनुसार प्राङ्गारीक खेती ,पशुपंक्षी/मत्स्य उत्पादन होमस्टे कृषि पर्यटन प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचालनका लागि (आवेदकको नाम तथा ठेगाना)...................ले व्यवसायिक योजना तथा अनुसुचीहरुमा उल्लेख भए बमोजिमका क्रियाकलाप संचालनका लागि जम्मा रु................/- (अक्षरुपी.............) को योजना तयार पारी आवश्यक सबै कागजातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको छु । योजनामा उल्लेख भएको कुल बजेट मध्ये तहाँ निर्देशनालयबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ................/- (अक्षरुपी................) र अन्य रकम (आवेदकको नाम) ...........ले नगद तथा जिन्सी एवं जन श्रमदान गरी रु.............../- (अक्षरुपी ...............) बराबरको योगदान गर्न सहमत भएको हुँदा तहाँबाट संचालित यस कार्यक्रममा छनौट गरीपाउँ भनी अनुरोध गर्दछु । साथै तपशिल अनुसारका कागजातहरु यसै निबेदन साथ संलाग्न राखेको छु ।

संलग्न कागजातहरु

१. रु १०को टिकट टाँसेको अनुसुची ३ अनुसारको आवेदन फाराम
२. दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखापरिक्षण प्रतिबेदन प्रतिलिपि
३. प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे, कृषि पर्यटनमा आवद्ध हुने घरधुरीको संख्या नाम परिवार संख्या, जमिनको क्षेत्रफल, लगाइने कृषि बाली वा उत्पादन हुने पशुपंक्षी/मत्स्य तथा पर्यटकीय सेवाका लागि उपलब्ध सेवा सम्बन्धि विवरण सहितको प्रोफाइल
४. प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे कृषि पर्यटन प्रवर्द्धनका क्रियाकला सहितको अनुसुची ४ अनुसारको योजना
५. आवेदकसँग रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार
६. प्रस्तावित स्थलको फोटो र प्रस्ताव मुल्याङ्कनलाई सहयोग हुने अन्य केही सपोट डकुमेन्ट भए सो समेत

निवेदक
नाम
ठेगाना
छाप

## अनुसुची ४
## कार्य योजना (प्रस्ताव)संक्षिप्त ढाँचा

**१. आवेदकको नाम र ठेगाना :**

**२. प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे संचालन हुने स्थानको नाम :**

**३. संचालन हुने स्थान र मुख्य बाटोको दुरी तथा बाटोको अवस्था :**

**४. संचालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरु**

(यसमा आवेदकले प्राङ्गारीक खेती होमस्टे कृषि पर्यटन संचालन हुने स्थानमा भौतिक सुविधाहरु जस्ता जस्तै सडक, खानेपानी, विद्युत,टेलीफोन लगायतका अन्य सुविधाहरुको बारेमा उल्लेख गर्ने )।

**५.आवेदकसँग प्राङ्गगारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे तथा कृषि पर्यटन जस्ता पर्यटकिय क्षेत्रमा भएका अनुभव तथा क्षमता**

(यसमा आवेदकले प्राङ्गगारीक खेती होमस्टे तथा कृषि पर्यटन जस्ता पर्यटकिय क्षेत्रमा भएका अनुभव तथा क्षमता जस्ता कुराहरु उल्लेख गर्दै कति घरधुरी कृषकहरु प्राङ्गारीक खेती होमस्टे कार्यक्रममा सहभागी हुनेछन् र ती कृषक घरधुरीम कति जना पाहुना पर्यटकहरुलाई आवास क्षमता छ सो को उल्लेख गर्ने ) ।

**६. प्राङ्गगारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे तथा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रमको संचालन तथा व्यवस्थापकीय जिम्मेवारी**

(यसमा प्रस्तावित स्थानमा प्राङ्गगारीक खेती, पशुपंक्षी तथा मत्स्य सम्बन्धि होमस्टे तथा कृषि पर्यटन प्रवर्द्धनका लागि प्रस्तावित कार्यक्रमहरु कसको नेतृत्वमा कसरी संचालन हुनेछन र संलग्न घरधुरीहरु कसरी परिचालित हुनेछन स्पष्ट खाका तथा मोडलको बारेमा प्रष्ट पार्नुहोस)

**७. प्राङ्गगारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे तथा कृषि पर्यटन प्रवर्द्धनका लागि प्रस्तावित क्रियाकलाप तथा बजेट**

| क.स | क्रियाकला | इकाइ | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

**७. क्रियाकलाप कार्यान्वयन कार्ययोजना**

| क्रियाकलापहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बै. | जे. | आ. | श्रा. | भा. | अ. | का. | मं. | पौ. | मा. | फ. | चै. |
| | | | | | | | | | | | | |

**९. प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे कृषि पर्यटन प्रवर्द्धनका लागि प्रस्ताव गरिएका नविन एवं प्रभावकारी क्रियाकलाप तथा तिनले पार्ने प्रभाव**

**१०. भावि योजना तथा कार्यदिशा**

आवेदकको
नाम छाप
ठेगाना
दस्तखत
मिति

प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

**अनुसुची ५**
**प्रतिबद्धता- पत्र**

कृषि विकास निर्देशनालय/ पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय/ कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र को मिति २०७५..../..../ को सुचना अनुसार प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे/ कृषि पर्यटन प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचालनका लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनाम उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा ....... वर्ष सम्म निरन्तरता दिनेछु/छौ । कार्ययोजना अनुसारको कार्य नगरेमा वा .......वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम जरिवाना सहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौ । अन्यथा ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै संचालित कृयाकलापहरुबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौ । इति संवत २०७५/....../...../ गते.........रोज........शुभम् ।

नाम :
पद :
ठेगाना :
दस्तखत :
मिति :
अनुदानग्राहीको छाप :

औठा छाप

| दाया | बाया |
|---|---|
| | |

## अनुसुची ६

## सम्झौता पत्र

१. यो संझौतापत्र कृषि विकास निर्देशनालय/ पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय /कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र (प्रथम पक्ष) र सम्बन्धित अनुदानग्राही (दोस्रो पक्ष) बिच प्राङ्गारीक खेती होमस्टे कृषि पर्यटन प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचालनका लागि हुनेछ ।

२. सम्झौता भएको मिति देखि यो संझौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले संझौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नुपर्नेछ ।

४. कृषि पर्यटन प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचलानका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुरुप बढिमा ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ । अनुदान सम्बन्धि थप व्यवस्था यसै कार्यविधि बमोजिम हुनेछ ।

५.दोस्रो पक्षले अनुदान सहयोगबापत प्राप्त हुने रकमको अधिकतम ३ (तीन) प्रतिशत रकम व्यवस्थापन खर्च वापत पहिलो पक्षले खर्च गर्नेछ ।

६. किस्ता भुक्तानी गर्दा प्राविधिक तथा मुल्याङ्कन समितिको सिफारीसको आधारमा रकम भुक्तानी गरिनेछ ।

७. किस्ता भुक्तानीका लागि विल सहितको सम्पन्न प्रतिबेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षलाई अनुरोध गर्नुपर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिबेदन तथा विलहरु प्राप्त भएपछि उपसमितिको प्रतिबेदन तथा प्राविधिक तथा मुल्याङ्कन समितिको सिफारीसका आधारमा भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. प्राङ्गारीक खेती, पशुपंक्षी/मत्स्य उत्पादन सम्बन्धि होमस्टे कृषि पर्यटन प्रवर्द्धन सम्बन्धि कार्यक्रमहरु एक आ.ब. भित्र सम्पन्न गर्नुपर्नेछ ।

९. दोस्रो पक्षले कार्य गर्दा सम्बन्धित प्राविधिक तथा मुल्याङ्कन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

१०. दोस्रो पक्षले संचालित क्रियाकलापको सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

११. अन्य कुराहरु यस कार्यविधि बमोजिम र प्रचलित कानुन बमोजिम हुनेछन ।

| | |
|---|---|
| .............................. | .............................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको नाम र छाप : | अनुदानग्राहीको नाम र छाँप |

साँक्षीहरु